# स्थानीय राजपत्र

## मकवानपुरगढी गाउँपालिका गाउँकार्यापालिकाद्वारा प्रकाशित

खण्ड १ मक्रान्चुली साउन १ गते २०७७ संख्या १

स्थानीय सरकार संचालन ऐन २०७५ को दफा १०२ को उपदफा १  वमोजिम मकवानपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाले तयार गरेको तल उल्लेख गरिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

# मकवानपुरगढी गाउँपालिकाको स्थानीय वन ऐन २०७७
## गाउँसभावाट स्वीकृत मिति :२०७७/३।३०

**प्रस्तावना**

वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको संरक्षण, विकास र दिगो व्यवस्थापन गर्दै वनको परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका समुदाय लगायत त्यस्तो वनक्षेत्रमा आश्रित एवं त्यस्तो वनक्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित वनदेखि टाढाका समुदाय समेतको वन व्यवस्थापन र लाभको बाँडफाडमा पहिचान, प्रतिनिधित्व र पहुँचसहितको अधिकारलाई संरक्षण गर्दै, नेपालको संविधानमा उल्लेखित वनमाथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउदै वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवारी तुल्याउदै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरण र स्थानीय समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आर्थिक सम्वृद्धी एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुऱ्याउन वनको व्यवस्थापन, उपयोग सम्वन्धी स्थानीय वन व्यवस्थापन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) बमोजिम स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ अनुसार मकवानपुरगढी गाँउपालिकाको गाउँ सभाले यो स्थानीय वन ऐन २०७७ तयार गरेको छ ।

## परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भः-**

**२. प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम "स्थानीय वन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) **"वन"** भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, ग्रामिण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र , प्रथा जनित कवुलियती रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक-निजि वन समेतलाई सम्झनु पर्दछ ।

(ख) **स्थानीय वन ऐन २०७७** भन्नाले यस मकवानपुरगढी गाँउपालिकाको गाँउसभाले पारित गरेको स्थानीय वन ऐन २०७७ सम्झनु पर्दछ ।

(ग) **"प्राकृतिक स्रोत साधन"** भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता जडिबुटी आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्दछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर मकान्पुली, बागमती प्रदेश, नेपाल

घ) **"परम्परागत रूपमा संरक्षण, भोगचलन"** भन्नाले पुस्तौ-पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(ङ) **"वनमाथिको पहुँच"** भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागी हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्दछ ।

(च) **"वनमाथिको स्वामित्व"** भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वनक्षेत्र माथि त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तररूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथिको समुदायको सामुहिक स्वामित्वलाई सम्झनु पर्दछ ।

(छ) **"वन अधिकार"** भन्नाले परिच्छेद २ मा उल्लेखित वन सम्बन्धी अधिकारलाई सम्झनु पर्दछ ।

(ज) **"स्थानीय वन परिषद्"** भन्नाले दफा १३ बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

(झ) **"स्थानीय समुदाय"भन्नाले** वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(ञ) **"अन्य समुदाय"** भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वनपैदवार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्झनु पर्दछ ।

(ट) **"अधिकारवाला"** भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्दछ ।

(ठ) **"वन क्षेत्र"** भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाईएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्दछ ।

(ड) **"वन पैदावार"** भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो,



विदुर हुमागाई
अध्यक्ष

च्याउ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पति तथा तीनका विभिन्न भाग वा अङ्ग, वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्दछ ।

(ढ) **"सामुदायिक वन"** भन्नाले संघिय वन ऐन २०७६ बमोजिम समुदायद्धारा व्यवस्थापन गरेको वनलगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण रव्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वनसमेतलाई सम्झनु पर्दछ ।

(ण) **"पारिवारिक निजी वन"** भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्दछ ।

(त) **"परम्परागत उपभोक्ता"** भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनु पर्दछ ।

(थ) **"परम्परागत जीवन पद्धति"** भन्नाले परापूर्वकालदेखि मौलिक परम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

(द) **"सामुदायिक वनको स्वामित्व"** भन्नाले वनको हैसियत नखस्किने गरीसंरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वनमाथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउने छ ।

(ध) **"सामुदायिक वन उपभोक्ता समुह"** भन्नाले सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वनक्षेत्रबाट आश्रित एवं आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुनेगरी गठनहुने उपभोक्ता समुहलाई सम्झनु पर्दछ ।

(न) **"सामुदायिक वन उपभोक्ता समिति"** भन्नाले समुदायिक वनउपभोक्ता समुहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउने छ ।

(प) **"वनश्रोत"** भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायीक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानवीय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ ।

(फ)**"उद्योग"** भन्नाले लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ ।

(ब) **"सम्बन्धित अधिकारी"** भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ ।



विदुर हुमागाई
अध्यक्ष

(भ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(म) **"वातावरणीय सेवा"** भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने तपसिल वमोजिमको सेवा तथा लाभ सम्झनु पर्छ ।
क) कार्वन
ख)जैविक विविधताको संरक्षण
ग) जलचक्र प्रणाली
घ) पर्यापर्यटन
ब) तोकीए बमोजिमको अन्य लाभ

(य) **"सामुदायिक वन उपभोक्ता महासंघ नेपाल"** भन्नाले दफा १९ मा उल्लेख गरिए बमोजिम गठन हुने सामुदायिक वनहरुको प्रतिनिधिमूलक छाता संगठन सम्झनु पर्दछ ।

## परिच्छेद २

**सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व :-**

### ३.सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने:-

(१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भागतोकिए बमोजिम सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन गर्ने अधिकार स्थानीयसमुदायलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्वसूसुचित मन्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदायको पूर्व स्विकृति र आम सहमतिमा स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

(४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनको लागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक, आर्थिक, भौतिक, जैविक विविधताको क्षति समेतको विचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

### ४. सामुदायिक वनमा स्थानीय समुदायको अधिकार:-



विदुर हुमागाई
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

सामुदायिक वनमा समुदायिक रूपमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् ।

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संम्बर्द्धन, प्रवर्द्धन, वनपैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने ।

(ख) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने ।

(ग) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र वनपैदावारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वनक्षेत्रमा आवत जावत गर्ने, वनक्षेत्रमा व्यवस्थित चरीचरण गर्ने ।

(घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वनपैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने ।

(ङ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने ।

(च) वनश्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवापुर्‍याउने र सामुदायिक विकास गर्ने ।

(छ) वनक्षेत्रभित्र रहेका ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने ।

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने ।

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समुह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उप समितिहरू गठन गर्ने र त्यस्तो समिति उप समितिको कामकर्तव्य र अधिकारहरू तोक्ने ।

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाई लागू गर्ने, गराउने ।

(ट) वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ प्राप्त गर्ने र त्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित लगायतका आर्थिक सामाजिक रूपमापिछडिएको समुदायको क्षमता विकास,युवा तथा बालबालिकाको उत्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाड र प्रयोग गर्ने, तर, स्थानीय समुदायको निर्णयले त्यस्तो लाभ सामुदायिक वन

व्यवस्थापन समूहहरू, सामुदायिक वन उपभोक्ता महासंघको संस्थागत तथा पैरवी क्षमता विकासमा समेत खर्च गर्न सक्नेछन् ।

(ठ) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने ।

(ड) उपभोक्ता समुहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने ।

(ढ) वनको व्यवस्थापन, संरक्षण र समुदायको सामुदायिक लाभ र जीविकोपार्जनमा सहयोग पुऱ्याउने कार्यको लागि सामुदायिक वन क्षेत्र वा सामुदायिक वनको दर्ता प्रमाणपत्र, वन पैदावर, वनश्रोत, वन कार्ययोजना, उपभोक्ताले वनमा उत्पादन गरेको उत्पादन, वनमा आधारित उपभोक्ता समुहले संचालन गरेको उद्योग आदिलाई बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी आवश्यक ऋण लिईदीगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने ।

(ण) वनसंग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण र बजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित वस्तुलाई उपभोग गर्ने र बजारमा बिक्रि बितरण गरी लाभ प्राप्त गर्ने ।

(त) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउने पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्वन्धी कृयाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने ।

(थ) वनको दीगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वनक्षेत्रमा काठ र गैर काठजन्य वनपैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसंग सम्झौता गरी संचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवापुऱ्याउने ।

(द) सामुदायिक वनश्रोतको शुल्क निर्धारण गरी असुलउपर गर्ने शुल्कछुट वा मिनाहा दिने ।

(ध) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरी वन श्रोतको पूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यमविकास गर्ने र त्यस्तो निर्णय लिने ।

(न) वनको भौगोलीक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए वमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने ।

(प) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवंजैविक विविधता संरक्षण, भुदृश्य-सौन्दर्य तथा कार्वन-संचिति जस्ता वातावरणीय सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवासुविधाको उपयोग गरेर आय-आर्जनको अवधारणालाई अगाडि बढाउने ।

(फ) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्रप्रणाली,पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्तहुनेवातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

(ब) सामुदायिक वनक्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाई गर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक श्रोत साधनको बिक्रिवितरण, उपयोग, उपभोग, श्रोत प्रयोग बापतको लाभ प्राप्त गर्ने ।

**(५) सामुदायिक वन उपभोक्ता समुहको सदस्यको हैसियतले प्रत्येक घरधुरीमार्फत व्यक्तिगत रूपमा देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् ।**

(क) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने ।

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) सामुदायिक वन उपभोक्ता समुहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने ।

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने ।

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने ।

(३) उपदफा (२) मा उल्लेखित अधिकारको अतिरिक्त वन उपभोक्ता समुह भित्रका आर्थिक सामाजिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, सिमान्तकृत, दलित समुदायले सामुदायिक वनबाट देहायका थप अधिकारहरू प्राप्त गर्नेछन् ।

(क) कुनै विशिष्ट जाती वा समुदायसंग मात्र सम्बन्धित वा त्यस्तोसमुदायकोपरम्परागत ज्ञान, सीप, पेशा र जीविकोपार्जनकोसीपसंग सम्बन्धीत प्राकृतिकश्रोत साधन वा वनपैदवारहरू माथिप्राथमिकता प्राप्त गर्ने,

(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरि परम्परागत ज्ञान, सीप,पेशार जीवनशैलीको अभ्यास र निरन्तरता दिने,

(ग) परम्परागत औषधी उपचार (आम्ची) पद्धति लगायत परम्परागतज्ञान,सीप लगायतका बौद्धिक सम्पत्तिको संरक्षण र निरन्तरतादिने,

(घ) वनक्षेत्र भित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान,सीप,पेशा र जीवनशैलीसंग सम्बन्धीत अभ्यासहरूको निरन्तरतादिने ।

(ङ ) सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा स्थानीयआदिवासीजनजातिको परम्परागत अभ्यास र प्रथाजनित कानूनकोसम्मानप्राप्त गर्ने ।

(४) उपदफा (१),(२),(३), को अतिरिक्त स्थानीय परिवेशअनुसार कुनैविशिष्ट अधिकार कुनै बिशेष समुदाय, बर्ग वा जातिलाईदिनुपर्ने देखिएमात्यस्तो अधिकारको सूचि सामुदायिक वनउपभोक्ता समूहकाआमभेलाबाटपारित गरि स्थानीय सरकारसमक्ष जानकारी गराउने ।

**(६) वनमा आधारित उद्यम विकास:-**

(१) सामुदायिक वनश्रोतको प्रयोग गरी वन पैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समुह आफैले वा स्थानीय सरकार, प्रदेश सरकारर संघीय सरकार वा निजी क्षेत्रसंग सम्झौता गरी वा तेस्रो पक्षसंग सम्झौता गरी व्यवसायिक रूपमा संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वन क्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना,वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रि बितरण गर्नसक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम तेस्रोपक्षलाई सामुदायिक उद्योग संचालनगर्नको लागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्षरूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ । यसरी उद्यम संचालन गर्नको लागि तेस्रो पक्ष छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

**६. सामुदायिक वनमा उपभोक्ता समुहको उत्तरदायित्व:-**

(१) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रही सामुदायिक वन श्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(२) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रही सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(४) सामुदायिक वन श्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व

उपभोक्ता समुहको हुनेछ ।

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वन श्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमास्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आय र अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समुहको साधारण सभा र साधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्तासमुहको हुनेछ ।

(७) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्वउपभोक्ता समुहको हुनेछ ।

(८) सामुदायिक वनक्षेत्रको झाडी सफाइ र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बर्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य गरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबर्द्धन गर्नेउत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

**७. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः-**

(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्रवितरणबाटप्राप्त लाभको बाँडफाड देहाय वमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वन श्रोतबाटप्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफाँड गर्नेछ ।

(ख) लाभको बाँडफाड गर्दा २५ प्रतिशत वन संरक्षणमा खर्च गरी वाँकी रहेको रकम मध्यवाट ५० प्रतिशत विपन्न वर्ग, उद्यम विकास र महिलाशसक्तिकरण र ५० प्रतिशत सामाजिक सस्थागत विकासमा खर्च गरिने छ ।

**८. स्थानीय समुदायसंग स्वतन्त्र, पूर्व सू-सुचित सहमती लिनु पर्नेः-**

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले देहाय बमोजिमका निर्णय लिनुपूर्व सामुदायिक वन उपभोक्ता समूहको अनिवार्य रूपमा स्वतन्त्र,पूर्व सू-सुचित सहमती लिनु पर्नेछ ।

(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न ।



विदुर दुनगाई
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

(ख) सामुदायिक वन उपभोक्ता समुहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा वा नीति नियमहरू निर्माण गर्दा ।

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसंग सम्बन्धित नीति, ऐन, कानून तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो नीति, ऐन, कानून तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/महासन्धि, घोषणा-पत्र, सम्झौता र नेपालसरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधिनमा रही नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरूसंग अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू-सुचित सहमती (Free Prior Inform Consent) लिईनेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय समुदायसंग र उपदफा (२) बमोजिम विभिन्न जाति, वर्ग वा समुदायसंग नेपाल सरकार लगायत सम्बन्धित तहले स्वतन्त्र, पूर्व सू-सुचित सहमती (Free Prior InformConsent) नलिई कुनै काम कारबाही गरेको कारण त्यस्तो समुदायलाई भौतिक, अभौतिक, मनोवैज्ञानिक लगायतका कुनै पनि प्रकारको क्षति पुग्नगएमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सम्बन्धित समुदायलाई हुनेछ ।

**९. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:**

(१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धिस्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमकोअधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमाप्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागी गराईने छ ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा निर्णायक तह (पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ ।

(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्ने छ ।

**१०. सामुदायिक वनलाई प्राथमिकता दिनु पर्ने :**

(१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई अन्य वन व्यवस्थापन प्रणाली अपनाईने छैन ।

(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई राज्यले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नुपर्नेछ ।

## ११. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार :

(१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउने छन् ।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने, पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने ।

(ग) परम्परागत रूपमा वनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेतगरी त्यस्तो वनक्षेत्रबाट वन पैदवार निर्वाधरूपमा प्रयोग गर्ने र त्यस्तो वनपैदावारको बिक्रि बितरणबाट लाभ प्राप्त गर्ने ।

(घ) परम्परागत रूपमा चरिचरण, गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण रूपमा उपभोग गर्ने ।

(ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने ।

(च) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुऱ्याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति स्थानीय सरकारबाट प्राप्त गर्ने, साथै वनमा लागेको आगलागी नियन्त्रण गर्दा वा वन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्वन्धित समुह र सरकारले उचित राहातको व्यवस्था गर्नेछ ।

(छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरेबापतको लाभप्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने ।

(ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने ।

(२) उपदफा (१) को खण्ड (क),(ख), (ग) र (घ) मा उल्लेखित स्थानीयसमुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरणका लागि उपभोग गर्दै आईरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नु पर्ने देखिएमा स्थानीय सरकारले स्थानीय समुदायको पूर्व सुसुचित सहमती लिई त्यस्तो वनक्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था

स्थानीय सरकारले तत्काल मिलाउनु पर्नेछ। यसरी सार्वजनिक बाटो मर्मत संभार र स्तर उन्नति गर्दा प्राप्त हुने वन पैदावर सम्वन्धित उपभोक्ता समुहको निर्णय अनुसार उपयोग गरिने छ।

(४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल रसम्पदाहरूको उपदफा(२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्वन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखी सम्वन्धित समुदायलाई स्थानीयसरकारले उचित क्षतिपूर्ति दिनु पर्नेछ।

## परिच्छेद- ३

**सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरण :**

१. साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु यसै ऐन द्वारा संचालन व्यवस्थापन हुनेछन्।

२. दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्वारा संचालन तथा व्यवस्थापन हुनेछन्।

३. स्थानीय सरकारमा समूह दर्ता, नविकरणमा आउनुपूर्व सामुदायिक वन उपभोक्ता महासंघ नेपाल स्थानीय वन महासंघको सिफारीस अनिवार्य हुनेछ।

४. पालिका अर्न्तगत रहेका सामुदायिक वन उपभोक्त समुह, कवुलियति वन तथा आर्थिक वनको लेखा परिक्षण प्रतिवेदन स्थानीय सरकार र स्थानीय महासंघमा वुझाउनु पर्नेछ।

## परिच्छेद-४

**सामुदायिक वन सम्वन्धी व्यवस्था :**

**१. उपभोक्ता समूहको दर्ता:**

(१) बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ता समूहको विधान सहित स्थानीय सरकार समक्ष पेश गर्ने।

२. उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

३. हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु १ बर्ष भित्र स्थानीय सरकारमा दर्ता गर्नु पर्नेछ। त्यस्ता समूहलाई स्थानीय सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ।

४. उपभोक्ता समूह संगठित संस्था रहने : सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थां हुनेछन् ।

(१) समूहको छुट्टै छाप हुनेछ ।

(२) समूहको आफ्नौ टाँचा हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल-अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ ।

५. सामुदायिक वन सुम्पने: (१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्बर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ ।

६.उपदफा १ को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

७. कार्ययोजना संशोधन: (१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल परिमार्जन गर्न सक्ने छ ।

८. (१) वमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा उल्येख्यनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागू नगर्न निर्देशन दिनेछ । सामुदायिक वन उपभोक्ता समुहले आफ्ना कार्ययोजना स्थानीय सरकारलाई जानकारी गराएको ३० दिन भित्र कुनै जानकारी नभएमा समुहले स्वत: कार्यन्वयन गर्न सक्ने छ ।

९. उद्यम संचालन गर्न तयार रहेका सामुदायिक वन उपभोक्ता समुहलाई स्थनीय सरकारले आवश्यक आर्थिक सहयोग, समन्वय र सहकार्य गर्न सक्नेछ ।

१०.सामुदायिक वन क्षेत्रभित्रका गरिव विपन्नलाई विपन्नता र परम्परागत सिप प्रवर्दनमा जोड दिई आर्थिक उपार्जनका क्रियाकलाप सञ्चालन गर्न निश्चित वनक्षेत्र लाई निश्चित अवधिका लागि विधान र कार्ययोजना मार्फत नै हस्तान्तरण गरिनेछ ।

११. समुदायिक वन मार्फत कृषि वन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ । साथै सामुदायिक वन उपभोक्ता समुहलाई अनुदानको व्यवस्था गरिने छ ।

**६. प्रतिवेदन दिनुपर्ने**

(१)सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियती बन उपभोक्ता समूहहरु, धार्मिक वनहरु प्रत्येक बर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक तथा प्रगति प्रतिवेदन स्थानीय सरकार तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा पेश गर्नुपर्नेछ।

**७. उपभोक्ता समूहको कोष** : (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ।

(क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्य रकम

(ग) वन पैदावार (जैविक विविधता) को विक्रिवितरणबाट प्राप्त रकम

(घ)उद्योग तथा पर्यापर्यटन संचालनबाट प्राप्त रकम

(ब) जरिवानाबाट प्राप्त

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम

उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ ।कोष संचालन तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

**वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था :**

**१३. वन परिषद्को गठन :**

(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला,दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन्:

(क) स्थानीय सरकार प्रमुख - अध्यक्ष

(ख) वन तथा वातावरण समितिको प्रतिनिधि - सदस्य १ जना

(ग) गाँउसभाको प्रतिनिधि - सदस्य २ जना

घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य १ जना

(ङ) योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य १ जना

च) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि- सदस्य २ जना

(छ) आदिवासी जनजाति महासंघको प्रतिनिधि - सदस्य १ जना

ज) दलित अधिकारको क्षेत्रमा काम गर्ने - सदस्य १ जना

(झ) पारिवारिक वा निजी वनको प्रतिनिधि - सदस्य १ जना

(ञ) व्यावसायिक संस्थाका प्रतिनिधि - सदस्य १ जना



विदुर हुमागाई
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

(ट) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट स्थानीय सरकारले मनोनीत गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि - सदस्य ५ जना

ठ) गाँउपालिका अध्यक्षले तोकेको वा वन वातावरण शाखाको प्रमुख -सदस्य सचिव

तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ ।

दफा (३) उपदफा (२) बमोजिम गठन हुने वन परिषदमा महिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन् ।

(५) परिषद्ले परिषद्को काम कार्बाहिलाई व्यवस्थित गर्ने प्रयोजनको लागि स्नातक उपाधि हासिल गरी वन, वातावरण वा कानूनको क्षेत्रमा कम्तीमा १० बर्षको अनुभव प्राप्त व्यक्तिलाई सदस्य सचिवको रूपमा नियुक्त गर्नेछ ।

सदस्य सचिवको कार्यअवधि ४ बर्षको हुनेछ । सदस्य सचिवको काम कर्तव्यर अधिकार नियमावली र निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

(६) परिषद्का पदाधिकारीहरु र कर्मचारीले स्थानीय सरकारले तोकिदिए बमोजिमको सुविधा र तलव भत्ता पाउनेछन् ।

**१४. परिषद्को काम, कर्तव्य र अधिकार:**

(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल,वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने ।

(ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल,वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमासंरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसारगर्ने, गराउने ।



विदुर हुमागाई
अध्यक्ष

(ग) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने ।

(घ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ब) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने ।

(च) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, तथा उक्त वन क्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने ।

(ज) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, तथा उक्तवनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वन माथिको, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(झ) परम्परागतरुपमा संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(ञ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने ।

(ट) अन्तर स्थानीय सरकारका बीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ठ) समुदायद्वारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने ।

(ड) समुदायको आन्तरीक सुसासनको लागि आवश्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने ।

(ढ) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने

**१५. परिषद्को बैठक सम्बन्धी कार्यविधि:**

(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**६. जाँचबुझ र निरीक्षण गर्न सक्ने :**
(१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वनअधिकार संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था,सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषदले स्थानीय सरकारलाई सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद-६

**कसूर र सजाय सम्बन्धी व्यवस्था :**

**१७. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने :**
(१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समुहको वन सम्वन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा ११ बमोजिम वन उपभोक्ता समुह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू-सुचित सहमती (Free Prior Inform Consent) लिई नेपाल सरकारवा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर मक्रान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

**१८. दण्ड सजायः देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्राहेरी देहाय बमोजिम सजाय हुनेछ :-**

१) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(३) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्य रूपमा स्वतन्त्र, पूर्वसू-सुचित सहमती लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समुहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति दिनुपर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागिय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

**१९. मुद्दा हेर्ने अधिकारः**

(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐनअन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२०. क्षतिपूर्तिको भराउन सक्ने :**

(१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदायवा व्यक्तिको वनसम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वनअधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकैकारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वाव्यक्तिले क्षतिपूर्ति भराई पाउँभनी उजुरी गर्न सक्नेछ ।



बिदुर हुमागाई

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिनगरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्नगएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाटक्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद - ७

(१) पारिवारिक निजी वनको दर्ता स्थानीय तहको सबै भन्दा तल्लो अर्थात वडामा दर्ता गरिनेछ ।

(२) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राखेर वैंकवाट रिन लिनसक्ने व्यवस्था गरिनेछ ।

(३) पारिवारिक निजी वन भित्रको काठ कटानी र ओसार पसार स्थानीय सरकारवाट अनुमती लिएर नेपाल भित्रका कुनै पनि भागमा लगेर विक्रिवितरण गर्न सक्नेछ ।

(४) पारिवारिक निजी वन किसानहरुलाई कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ ।

(५) पाविारिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा स्थानीय सरकारले अनुमती दिनेछ ।

(६) पारिवारिक निजी वन दैविक प्रकोप भएर नष्ट भएमा क्षतिपूर्तिका लागि सहुलियत विमामा समन्वयको व्यवस्था गरिनेछ ।

(७) परिक्षण गरिएका विरुवाहरु र छिटो छरितो हुर्कने विरुवाहरु वृक्षारोपण गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद - ८

**विविध :**

**स्थानीय सरकारबाट अनुमति लिनु पर्ने:-**

(१)स्थानीय तहको अनुमती लिई उपभोक्ता समुहले स्थानीय सामुदायिक वन क्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायिक पालन, समुदायको पहुँच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादित वस्तु वा वनपैदावार निकासीपैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वन पैदावारजन्य उद्योगबाट उत्पादित वन पैदावारको निकासी पैठारी वन उपभोक्ता समुहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा स्थानीय सरकारलाई दिनुपर्नेछ ।

(३) सामुदायिक वन समुहको दर्ता प्रमाण-पत्रका आधारमा सहकारी मार्फत सः मिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन गर्न सक्नेछन् ।

**२२. अधिकार प्रत्यायोजन :**
स्थानीय सरकारको प्रमुख वा परिषद्को अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम स्थानीय सरकारले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. असल नियतले गरेको कामको बचाउ : वन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

२४. नियम बनाउन सक्ने : यस ऐनको उद्देश्य पूर्तिको लागि स्थानीयसरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

## अनुसुची १

उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन

श्री अध्यक्षज्यू,............

गाँउ कार्यपालिकाको कार्यालय, .........।

स्थानीय वन ऐन २०७७ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठनगरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक
............... उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|

**अनुसुची २**

उपभोक्ता समूह दर्ताको प्रमाण पत्र

स्थानीय सरकार
मकवानपुरगढी गाँउपालिकाको कार्यालय,
मक्रान्चुली, मकवानपुर

दर्ता नं.

स्थानिय वन ऐन, २०७७

श्री........................................................उपभोक्ता समूह

यस स्थानीय सरकारको मिति ............... को निर्णय अनुसार स्थानीय वनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण :

उपभोक्ता समूहको क्षेत्रफल :

घरधुरी संख्या :
कुल जनसंख्या :

प्रमाण पत्र दिने अधिकारी
नाम,
दर्ता,
दस्तखत
मिति

यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन रु. १०० दस्तुर लाग्नेछ ।

## अनुसुची ३

सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री अध्यक्षज्यू,
मकवानपुरगढी गाँउ कार्यपालिकाको कार्यालय

स्थानीय वन ऐन २०७७ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्वर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं ।
क. प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना
चार किल्ला, क्षेत्रफल, जैविक विविधता

**निवेदक**

............... ..........................सामुदायिक वनउपभोक्ता समूहको तर्फबाट

क.सं. नाम : दस्तखत :

विदुर हुमागाई
अध्यक्ष

## अनुसुची ४

सामुदयिक वन दर्ताका प्रमाण पत्र
स्थानीय सरकार
मकवानपुरगढी गाँउ कार्यपालिकाको कार्यालय

.................. ....................वन
श्री ......................................... उपभोक्ता समूह
...................................
स्थानीय वन ऐन २०७७ को अधिनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसैसाथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी सदुपयोग र सामुदायिकवनको स्पमा सुम्पिएको छ ।

नाम :
चारकिल्ला :
क्षेत्रफल :
प्रमाणपत्र दिने अधिकारी :
नाम, थर :
दस्तखत :
मिति :

तपशिलका विषयहरुको शुल्क वन परिषद्को बैठकवाट निर्णय भएवमोजिमहुनेछ :

नोट : कृपया त्यहा पाउने वन पैदावार अनुसार मुल्य निर्धारण गर्नुहोला ।

मकवानपुरगढी गाउँपालिकाको मिति २०७७/३/३०मा वसेको गाउँ सभाले स्वीकृत यो विधेयक स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २१ को उपदफा १ वमोजिम प्रमाणीकरण गर्दछु ।

बिदुर हुमागाई
अध्यक्ष
मिति: २०७७/४/२